**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.३६६

पुनरावेदन नं. ०७६-RB-०१८०

**<u>मुद्दाः– मुल्य अभिवृद्धि कर (२०६७/०६८)।</u>**

| | |
|---|---|
| श्री रघुपति जुट मिल्स लिमिटेड, बिराटनगर (रानी), मोरङ (स्थायी लेखा नं. ३०००३८०८६) को हकमा ऐ.का. अधिकार प्राप्त ग्रुप भाईस प्रेसिडेन्ट अमित कुमार जैन........................................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट........................................१<br>श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर........................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल

शुरु निर्णय मिति : २०७२।०४।०१

**<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः २०७६।०७।०७

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ

: विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठ

प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

: विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अविलम्वित नजीरः** ×

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६।०७।०७ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री रघुपति जुट मिल्स लिमिटेडको आ.व.२०६७/०६८ को पूर्ण कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) वमोजिम कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम उक्त अवधिका लागि कर, जरिवाना, थप दस्तुर तथा व्याज गरी रू.७७,५३३।- को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७२।३।९ मा कर निर्धारण गर्नुपर्ने आधार र कारण समेत खुलाई जारी गरी उक्त आदेशमा परिवर्तन गर्नुपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त भएको १५ (पन्ध्र) दिनभित्र लिखित जवाफ पेश गर्न च.नं.५६८ को पत्रबाट करदातालाई लिखित सूचना जारी भएको।

२. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।३।९ मा जारी भएको कर निर्धारणको सूचना करदाता रघुपति जुट मिल्स लिमिटेडले मिति २०७२।३।१५ मा बुझिलिई सो को जवाफ मिति २०७२।३।२९ मा पेश गरेको।

३. करदाताको हकमा भएको प्रारम्भिक कर निर्धारण आदेशको क्रममा माग भएको प्रमाण, करदाताको लिखित जवाफ तथा विद्यमान कानूनी व्यवस्था समेतको आधारमा मिति २०७२।०३।०९ मा खडा भएको निर्णय पर्चामा उल्लेखित व्यहोरा कानूनसम्मत रहेको हुँदा प्रस्तुत आ.व.२०६७।०६८ मा निवेदकले स्थायी संरचना निर्माण गरेको मध्ये करयोग्य खरिद बाहेकको खरिदमा मूल्य अभिवृद्धि कर दाखिला नगरेको अवस्थामा मू.अ.कर ऐन, २०५२ को दफा ८(३) बमोजिम कर निर्धारण गर्नुपर्ने हुँदा मू.अ.कर ऐन, २०५२ को दफा २०(१) बमोजिमको मू.अ.कर रू.३४,४५९।-, दफा २९(१क) बमोजिमको जरिवाना रू.८,६१५।- एवं दफा १९ तथा दफा २६ बमोजिमको थप

दस्तुर क्रमश. रु.१४,०७१।- तथा रु.२१,१०६ समेत गरी जम्मा ७८,२५१।- कायम गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२।०४।०१ मा भएको अन्तिम कर निर्धारण आदेश।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२।०४।०१ मा जारी गरेको आ.व. २०६७/०६८ को मुल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी करदाता रघुपति जुट मिल्स लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२।०६।०७ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको।

५. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिमको कर निर्धारण सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (३) एवं मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ को खण्ड (ख) मा भएको प्रावधान बमोजिम निवेदकले भवन लगायतको स्थायी संरचनालाई वासलातमा पूँजीकृत गरी स्थायी सम्पत्तिको लेखाङ्कन गरेको र आफ्नो उद्योगको आय आर्जनको लागि नै निर्माण गरेको हुँदा उक्त भवन लगायतको स्थायी संरचना मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) को व्यवस्था अनुसारको व्यवसायिक प्रयोजनको निर्माण संरचनाको परिभाषा भित्र पर्ने नै देखिएको हुदां मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(४) मा कर विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर निर्धारण गर्नु पर्ने व्यवस्था भएकोमा निवेदकले २०६८ आषाढमा सम्पत्ति समूहमा पूंजीगत गरेको सम्पत्ति खरीदलाई २०७२ आषाढ सम्ममा कर निर्धारण गर्न सकिने अवस्था विद्यमान रहेका देखिंदा कार्यालयबाट म्याद नघाएर कर निर्धारण गरेको नदेखिएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण गरी सोही ऐनको दफा २९(१क) बमोजिम २५ प्रतिशतले हुने जरिवाना, दफा १९ बमोजिमको थप दस्तुर र दफा २६ बमोजिमको ब्याज समेत गणना गरी कार्यालयबाट भएको कर निर्धारण कानूनसम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०७।०७ मा भएको निर्णय।

६. करदाता श्री रघुपति जुट मिल्स लिमिटेडले नेपाल सरकारले व्यवसायिक प्रयोजनलाई मिति २०६६।०३।२९ को नेपाल राजपत्रमा प्रकाशित र मिति २०६६।०८।१० गतेको नेपाल राजपत्रमा प्रकाशित आर्थिक ऐन २०६६ जारी भएको र सो व्यवस्था २०६७, २०६८, २०६९ र २०७० सम्म नेपाल सरकारको आदेश, ऐन र अध्यादेशबाट कायमै राखिएको उक्त कर लगाउने व्यवस्था गरेकोमा ४ वर्ष वितिसकेपछि उक्त कानूनी व्यवस्थालाई अन्यथा हुने गरी ठूला करदाता कार्यालयबाट भए गरिएको अन्तिम कर निर्धारण आदेश समेतका काम कारवाही कानून संगत नभएकोले यस उद्योगले आ.ब.

०६७/०६८ मा स्थिर सम्पत्ति समुह (क) अन्तर्गत आफ्नै प्रयोजनका लागि भवन तथा संरचना निर्माणमा रु.३६,३०,८८२।- मात्र खर्च भएको छ, रु. पचास लाख भन्दा कम मात्रको लागत रहेकोमा सो मध्ये उद्योगले विपक्षी कार्यालयमा रु.३३,६५,२८४।०० को मू.अ.कर सहित खरिद गरेको विजक एवं पार्टीको प्रमाणित खाता विवरण समेत पेश गरिएको थियो। तसर्थ उद्योगले रु.३३,६५,२८४।- को मात्र खरिद विजक पेश गरेको भनि फरक रकम रु.२,६५,०६९।- मा समेत कर लाग्ने गरी जम्मा रु.३४,४५९।- लगाइएको र प्रस्तुत विवादको सन्दर्भमा आकर्षित नहुने दफा २९(१क), १९ र २६ को प्रयोग गरी कर, जरिवाना रु.८,६१५।-, थप दस्तुर रु.१४,०७१।- र व्याज रु.२१,१०६।- समेत जम्मा रु.७८,२५१।- यस उद्योगले तिर्नु पर्ने भनी विपक्षी कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश तथा त्यसलाई सदर गर्ने विभागको निर्णय समेत गैरकानूनी र अन्यायपूर्ण हुँदा वदरभागी छ, सो निर्णय आदेश वदर गरी पाउँ भन्ने समेत व्यहोरा उल्लेख गरी करदाताको तर्फबाट मिति २०७६।११।२२ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।०९।२४ मा भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी ठूला करदाता कार्यालयबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता रघुपति जुट मिल्स लिमिटेडको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ तथा विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठले कम्पनीको मू.अ.कर निर्धारण गर्दा प्रत्यर्थी कार्यालयहरुबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को मर्म र भावना विपरित हुने गरी करदाताबाट पेश भएको प्रमाणहरुको उचित मूल्यांकन र विवेचना नगरी केवल करदातालाई करको दायित्व थोपर्ने गरी व्याज, जरिवाना तथा शुल्क समेत कायम गराई करदाताको मागदावी विपरित मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) वमोजिम भवन तथा अन्य भौतिक संरचना निर्माण गर्दा ठेक्कामा अरु व्यक्तिबाट निर्माण गराईएमा मात्र लागू हुने आशयलाई विचार नगरी ४ बर्ष समाप्त भएपछि कानूनी व्यवस्थालाई अन्यथा हुने गरी मूल्य अभिवृद्धि कर लाग्ने गरी भएको आदेश तथा निर्णय त्रूटिपूर्ण रहेको हुँदा बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष

सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान विद्वान उपन्यायाधिवक्ता श्री दीपक भण्डारी र सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताको हकमा मूल्य अभिवृद्धि कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत विधिसम्मत रहेको हुँदा उक्त निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय ललितपुरबाट करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने प्रश्नका सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

१०. निर्णय तर्फ विचार गर्दा, ठूला करदाता कार्यालयले करदाताको आ.व. २०६७।०६८ को कर परीक्षण गरी करदाताले उक्त आ.व.मा समूह 'क' मा रु.३६,३०,८८२।- मूल्य वरावरको स्थायी सम्पत्ति व्यवसायिक प्रयोजनका लागि निर्माण गरिएको भवन लगायत स्थायी संरचना मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिबाट निर्माण भएको देखिँदा सो खरिदलाई २०६८ आषाढको कर अवधिमा समावेश गर्नुपर्ने रु.२,६५,०६९।- भएको देखिँदा सो रकमको १३ प्रतिशतले हुने मू.अ.कर रकम रु.३४,४५९।- मू.अ.ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा २९(१क) बमोजिम हुने २५ प्रतिशत जरिवाना रु.८,६१५।- तथा ऐ.ऐनको दफा १९ र २६ को बमोजिम हुने थप दस्तुर रु.१४,०७१।- र व्याज रु.२१,१०६।- समेत जम्मा रु.७८,२५१।- निर्धारण हुने गरी ठूला करदाता कार्यालयबाट अन्तिम कर निर्धारण भएकोमा उक्त कर निर्धारण आदेश मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) को मर्म र भावना विपरीत भएको हुँदा उक्त निर्णय बदर गरिनुपर्ने भन्ने करदाताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

११. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनका लागि निर्माण गरिने ५० लाख रुपैया भन्दा बढिको भवन निर्माण गर्दा दर्ता नभएको व्यक्तिबाट निर्माण गराएमा त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराएको सरह मानी कर दाखिला गर्नुपर्ने कानूनी व्यवस्था भएको देखिन्छ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ख. मा "कुनै व्यक्तिले व्यावसायिक प्रयोजनको लागि पचास लाख रूपैयाँ भन्दा वढी लागतको भवन, अपार्टमेन्ट, सपिङ्ग कम्प्लेक्स वा विभागले तोकिएको अन्य यस्तै प्रकारका संरचना निर्माण गर्दा दर्ता भएको व्यक्तिबाट मात्र गराउनु पर्नेछ" भन्ने कानूनी

व्यवस्था रहेको समेत पाइयो। पुनरावेदक करदाताले प्रस्तुत आ.व.मा ह्रासयोग्य सम्पत्ति अन्तर्गत पर्ने भवन लगायको संरचना आ.व.२०६६।०६७ मा रु.६३,५४,६३४।- र आ.व.२०६७।०६८ मा रु.३६,३०,८८२ गरी जम्मा रु.९९,८५,५१६।-बराबरको रकम भौतिक संरचना निर्माण गर्न खर्च गरेको देखिन्छ। करदाताले आ.व. आ.व.२०६७।०६८ मा रु.३६,३०,८८२।- बराबरको रकम भवन तथा संरचना निर्माणमा खर्च गर्दा रु.३३,६५,८१३।- को मू.अ.कर सहित खरिद गरेको बिजक एवं पार्टीको प्रमाणित प्रतिलिपी सहितको विवरण सामेल भएको देखिन्छ भने बाँकी रकम रु.२,६५,०६९।- का सम्बन्धमा करदाताले मू.अ.करमा दर्ता भएको व्यक्ति वा संस्थासँग सेवा तथा निर्माण सामाग्री खरिद गरेको देखिदैन। प्रस्तुत विवादका सम्बन्धमा करदाताले निर्माण भएको भवनका लागि आवश्यक पर्ने सामाग्री स्वामीत्वकर्ता आफैले खरिद गरेको, आफ्नै पेरोलमा मजदुरहरु नियुक्ति गरेको कारणबाट आफ्नै अमानतमा सो संरचना निर्माण भएको तथा संरचनाको निर्माण कार्य दर्ता भएको वा नभएको कसैलाई पनि नदिई करदाता आफैले निर्माण कार्य गरेको अवस्थामा मू.अ.कर ऐन, २०५२ को दफा ८(३) आकर्षित नहुने भन्ने जिकिर प्रस्तुत गरेको देखिन्छ। करदाताले संरचना निर्माण गर्दा खरिद गरेको केही वस्तु वा सेवाको भुक्तानी गैर बीजकबाट गराएको तथ्यलाई स्वीकार गरेको देखिन्छ। त्यस्तो निर्माण कार्य दर्ता नभएको व्यक्तिबाट गराएको पुष्टि भएपछि यसमा लाग्ने मूल्य अभिवृद्धि कर भवनको स्वामित्वकर्ता यी करदाताले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिम बुझाउनु पर्ने नै देखिन आयो। आफैले निर्माण गर्दा मूल्य अभिवृद्धि कर बुझाउनु नपर्ने भन्ने पुनरावेदन जिकिर कानून सम्मत देखिएन।

१२. जहाँसम्म मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिम बुझाउनु पर्ने कर रकममा सोही ऐनको दफा १९(२), दफा २६ र दफा २९(१क) बमोजिम जरिवाना, थप दस्तुर र ब्याज लगाउन मिल्दैन भनी करदाताले लिएको जिकीर छ, त्यस सम्बन्धमा हेर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) मा उपदफा (१) मा उल्लिखित म्याद भित्र बुझाउनुपर्ने कर नबुझाएमा थप दस्तुर लाग्ने, दफा २६ बमोजिम ब्याज लाग्ने र दफा २९ बमोजिमको कुनै कसूर गरेको भएमा जरिवाना लाग्ने कानूनी व्यवस्था रहेको पाईयो। यी करदातालाई प्रस्तुत मुद्दामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ख. बमोजिमको कानूनी व्यवस्था पालना नगरेको देखिँदा सोही ऐनको दफा २०(१)(घ) बमोजिम १३ प्रतिशतले हुने कर तथा दफा १९(२), दफा २६ र दफा २९ बमोजिम थपदस्तुर, ब्याज र जरिवाना समेत निर्धारण गर्ने गरी गरी ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर

निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेकै देखिन आयो।

१३. अतःमाथि विवेचित आधार एवं कारण समेतबाट करदाता श्री रघुपति जुट मिल्स लिमिटेड (स्थायी लेखा नं. ३०००३८०८६) को आ.व. २०६७/०६८ को मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरी ठुला करदाता कार्यालयवाट मिति २०७२।०४।०१ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७६।०७।०७ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः प्रमोद रिजाल
ईति सम्वत् २०८० साल बैसाख १२ गते रोज ३ शुभम् ---------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप